**कार्यपालिका बैठक संख्या नं. ४१    स्थानः नगरपालिका    मिति २०८१/०९/२६ गते**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. नगरसभाको १६ औं अधिवेशनको कार्य सूची स्वीकृत सम्बन्धमा।
४. आ. व. ०८२/८३ को आय व्यय अनुमान सम्बन्धमा।
५. राजश्व परामर्श समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
६. न्यायिक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
७. सुशासन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
८. अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. विधायन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
१०. स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को अङ्कभार अनुमोदन सम्बन्धमा।
११. कर्मचारीको तह मिलान तथा स्तर वृद्धि सम्बन्धमा।
१२. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा।
१३. उद्यम विकास कार्यक्रम स्वीकृत सम्बन्धमा।
१४. पालिकास्तरीय बिक्री तथा खरिद कक्ष संचालन MOU सम्बन्धमा।
१५. ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र भवनको **DPR** स्वीकृत सम्बन्धमा।
१६. जर्खु खानेपानी आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन कार्यसूची (ToR) स्वीकृत सम्बन्धमा।
१७. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदानगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ४०औं बैठकबाट छलफलका लागि विधेयक समितिमा पठाईएका तपसीलका कानूनहरु विधेयक समितिबाट प्राप्त सुझाव अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

(१) शारदा नगरपालिका प्राविधिक कर्मचारी फिल्ड सुबिधा सम्बन्धी कार्यविधि, २०८१

साथै तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधेयक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

(२) शारदा नगरपालिका पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१

**निर्णय नं. ३**

यस नगरपालिकाको नगर सभाको १६औं अधिवेशनमा पेश हुने अनुसूची १ बमोजिमको कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नगरपालिकाको आ. व. २०८२/८३ का लागि नेपाल सरकार तथा प्रदेश सरकारमा पठाउने अनुसूची २ बमोजिमको आय व्ययको विवरण तोकिएको समय सीमाभित्र पठाउने निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. ५**

केही राजश्वका दरहरु हेरफेर र केही नयाँ दरहरु थप गर्ने गरी यस नगरपालिकाका उप प्रमुख तथा राजश्व परामर्श समितिका संयोजक सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको अनुसूची ३ बमोजिमको प्रतिवेदनमा आ. व. २०८१/८२ को आर्थिक ऐन, २०८१ मा संसोधनका लागि पेश गर्ने भएको संसोधन प्रस्ताव अनुमोदन गरी नगर सभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाका उप प्रमुख तथा न्यायिक समितिका संयोजक सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको अनुसूची ४ बमोजिमको आ. व. २०८१/८२ को न्यायिक समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गरी नगर सभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

वडा नं २ का नगर प्रमुख एवं सुशासन तथा स्थानीय सेवा समितिका संयोजक श्री सविन हमालले पेश गर्नु भएको अनुसूची ५ बमोजिमको आ. व. २०८१/८२ को सुशासन तथा स्थानीय सेवा समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गरी नगर सभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

वडा नं १२ का नगर प्रमुख एवं अर्थ तथा सार्वजनिक लेखा समितिका संयोजक श्री सुरेन्द्र बुढाले पेश गर्नु भएको अनुसूची ६ बमोजिमको आ. व. २०८१/८२ को अर्थ तथा सार्वजनिक लेखा समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गरी नगर सभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**निर्णय नं. ९**

वडा नं ९ का अध्यक्ष तथा विधायन समितिका संयोजक श्री हेमेन्द्र कुमार बुढाथोकीले पेश गर्नु भएको अनुसूची ७ बमोजिमको आ. व. २०८१/८२ को विधायन समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गरी नगर सभाको १६औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

आ.व.२०८०/०८१ को प्रारम्भिक रुपमा प्राप्त स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) को अङ्कभार ९३ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को अङ्कभार ८९.५ का सम्बन्धमा छलफल गरी अनुमोदनका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो। साथै आगामी वर्षमा उच्च अङ्क प्राप्तीका लागि तदारुकताका साथ कार्यसम्पादन गर्ने प्रतिवद्धता व्यक्त गरियो।

**निर्णय नं. ११**

(क) कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ अनुसार तह कायम हुने तपसील बमोजिमका कर्मचारीहरुको ऐनको दफा १५ अनुसार नियुक्ति एवं पदस्थापन गर्ने तथा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८१ को नियम १४ बमोजिम मिति २०८१/१०/०४ बाट लागू हुने गरी तह कायमको पत्र दिने निर्णय गरियो।

| सि. न. | नामथर | साविकको पद/तह | हालको पद/तह | पदस्थापन भएको शाखा | कैफियत |
|---|---|---|---|---|---|
| १ | संगिता बुढा | शिक्षा अधिकृत/ छैंठौं | वरिष्ठ शिक्षा अधिकृत/ सातौं | शिक्षा शाखा | दफा ८(१) |
| २ | चन्द्र प्रसाद शर्मा | आन्तरिक लेखा परीक्षण अधिकृत/ छैंठौं | वरिष्ठ आन्तरिक लेखा परीक्षण अधिकृत/ सातौं | आन्तरिक लेखा परीक्षण शाखा | दफा ८(३) |

(ख) कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २६ तथा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८१ नियम २९ अनुसार स्तरवृद्धिका लागि ऐनको दफा २९ बमोजिम योग्यता पुगेका यस नगरपालिकामा कार्यरत तपसीलका कर्मचारीहरुको नियमावलीको अनुसूची-१९ बमोजिम स्तर वृद्धि गर्न प्रमुख प्रशाकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

| सि. न. | नामथर | साविकको पद/तह | हालको पद/तह | पदस्थापन भएको शाखा/वडा का. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनिषा भुषाल | लापोडेडे पाँचौं | पशु सेवा अधिकृत/ छैंठौं | पशु सेवा | दफा २६(९) |
| २ | कैलाश कुमार शाह | प्रशासन सहायक / पाँचौं | प्रशासकीय अधिकृत | वडा नं ५ | दफा २९(छ) |
| ३ | अमृता शाक्य | प्रशासन सहायक / पाँचौं | प्रशासकीय अधिकृत | वडा नं २ | दफा २९(छ) |
| ४ | सुमन कुमार शर्मा | प्रशासन सहायक / पाँचौं | प्रशासकीय अधिकृत | वडा नं ४ | दफा २९(छ) |



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | गोविन्द बहादुर खड्का | प्रशासन सहायक चौथो | वरिष्ठ प्रशासन सहायक/ पाँचौं | वडा नं १३ | दफा ८ (७) |
| ६ | प्रकाश खड्का | ना. प्रा. स. /चौथो कृषि | प्रा. स. पाँचौं कृषि | कृषि विकास | दफा ८ (७) |
| ७ | सन्जय के. सी. | ना. प. स्वा. प्रा./ चौथो पशु | प. स्वा. प्रा./ पाँचौं पशु | पशु सेवा | दफा २९(छ) |
| ८ | कैलाश चनारा | खा. पा. स. टे. चौथो | खा. पा. स. टे./ पाँचौ | पूर्वाधार खानेपानी | दफा २९(छ) |
| ९ | भद्रा कुमारी खत्री | श्रेणी विहिन चौथो | तह विहिन पाँचौंस्तर | वडा नं २ | दफा २६(५)घ |
| १० | झुम बहादुर राना | श्रेणी विहिन चौथो | तह विहिन पाँचौंस्तर | वडा नं ११ | दफा २६(५)घ |
| ११ | लोग बहादुर बस्नेत | श्रेणी विहिन चौथो | तह विहिन पाँचौंस्तर | वडा नं ५ | दफा २६(५)घ |

**निर्णय नं. १२**

यस नगरपालिका र अन्तर्गतका वडा तथा स्वास्थ्य सेवा केन्द्रहरुमा कार्यरत करारका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनका आधारमा २०८१ श्रावण १ गते देखि पौष मसान्तसम्मका लागि करार सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १३**

चालु आ.व २०८१/०८२ मा कार्यन्वयन हुने संघीय शर्सत तर्फ गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम (मेड्पा) सञ्चालन गर्नका लागि लघु उद्यम बिकास कार्यक्रम प्रचलित कार्यविधि भित्र रहि तपशिल बमोजिमको वार्षिक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

| क्र.स | गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम (लघु उद्यमी सृजना गर्ने कार्यक्रम ) | प्रतिशत | विनियोजित रकम |
|---|---|---|---|
| १ | उद्यम बिकासका लागि सामाजिक परिचालन | ० | ४१,७८६। |
| २ | उद्यमशिलता बिकास तालिम | ० | ५०,०००। |
| ३ | प्राबिधिक सिप बिकास तालिम (साझेदारी ) | ० | ८८,८००। |
| ४ | लघु वित्तमा पहुँच अन्रतक्रिया कार्यक्रम | ० | १८,८००। |
| ५ | प्रबिधि हस्तान्तरण (सामाग्री हस्तान्तरण साझेदारी ) | ० | २,५०,०००। |
| ६ | उद्यम बिकास सहजकर्ता परिचालन (तलब भत्ता ) | ० | ४,७०,६१४। |
| ७ | नयाँ उद्यमी तर्फको कुल बजेट | १०० | ९,२००००। |
| ८ | स्तरोन्नती (पूर्णताजगीय तथा एडभान्स सिप विकास तालिम ) | १०० | २,४००००। |
| ९ | स्तरोन्नती तर्फ प्रबिधि हस्तान्तरण | १०० | १,४०००० |
| १० | साझा सुबिधा केन्द्र | १०० | ५,०००००। |
| | जम्मा | | १८,००,०००। |

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १४**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यस नगरपालिका क्षेत्रमा नेपाल खाद्य बिक्री तथा खरिद कक्ष निर्माणका लागि पेश गरेको प्रस्तावनाका सन्दर्भमा अध्ययन गरी अर्को कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न आर्थिक विकास समितिका संयोजकको संयोजकत्वमा सम्बन्धित समिति सदस्य र शाखाहरु सदस्य रहेको कार्यदल गठन गरियो ।

**निर्णय नं. १५**

शारदा नगरपालिका वार्ड नं ३ मा रहेको ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र शाखा सल्यानको भवन निर्माण (तला थप) का सम्बन्धमा सामाजिक विकास कार्यालय, सल्यानको च. न. १४२ मिति २०८१/०९/२६ को पत्रानुसार यस नगर कार्यपालिकाको कार्यालयमा प्राप्त **Royal Kalika Engineers and Builders** शा. न. पा.- १, श्रीनगर सल्यानले तयार गरेको लागत अनुमान तथा थप कार्यको नक्सा सहितको विस्तृत परियोजना प्रतिवेदन **(DPR)** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना अन्गर्त प्रस्तावित जर्खु खानेपानी आयोजनाको DPR का लागि संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study) गर्नु पर्ने भएकोले आयोजना कार्यान्वयन इकाई (PIU) शारदाले पेश गरेको अनुसूची ८ बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन कार्यसूची (ToR) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

(क) यस नगरपालिकाको वार्ड नं १ मा हाल भैरहेको घरधुर सर्वेक्षण कार्यलाई निरन्तरता दिने ।

(ख) उपभोक्ता समिति गठन हुन बाँकी वडाहरुले माघ १५ गते भित्र गठन गरी नगरपालिकालाई जानकारी गराउने ।

(ग) नेपालगंजमा सञ्चालन हुने फोटो प्रदर्शनी कार्यक्रममा शारदा नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरुको फोटो प्रदर्शन गरे वापत प्राप्त प्रस्तावना बमोजिम अन्तराल मिडियालाई भाषा कला धर्म संस्कृति जगेर्ना शीर्षकबाट रु २५ हजार उपलब्ध गराउने ।

(घ) People In Need पिपुल इन नीड संस्थालाई लैंगिक हिंसा र अन्य सुरक्षा समस्याहरुको रोकथामका लागि "हाम्रो प्रतिज्ञा Hamro Pratigya- Our Promise: Empowering Voices, Ending Gender- based Violence" परियोजना सञ्चालन गर्न सहमति दिने ।



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(निर्णय नं ३ संग सम्बन्धित)

कार्यविधिको दफा ७ उपदफा १ संग सम्बन्धित

शारदा नगरपालिका

खलंगा, सल्यान

नगर सभाको १६औँ अधिवेशन

**कार्यसूची र समय तालिका**

बैठक संख्याः १ सत्रः १ बैठक स्थानः जिससको सभाहल

नगर प्रमुखताः नगर प्रमुख श्री प्रकाश भण्डारी

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०९।२८ | दिउँसो ११:०० बजे | सबै सभा सदस्य हलमा प्रवेश गर्ने | | |
| २०८१।०९।२८ | दिउँसो ११:०५ बजे | नगर प्रमुखता ग्रहण | नगर प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ११:०६ बजे | राष्ट्रिय गान | नगर प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ११:१० बजे | सम्पूर्ण शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण | नगर प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ११:१५ बजे | शून्य समयको छलफल घोषणा | नगर प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ११:२० बजे | शून्य समयको छलफल का लागि नाम टिपाउने | नगर प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ११:३० बजे | शून्य समयको छलफल | नगर प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो १२:१५ बजे | आर्थिक ऐन, २०८१ मा प्रथम संसोधन प्रस्ताव सहित राजश्व परामर्श समितिको प्रतिवेदन प्रस्तुत | संयोजक श्री सुस्मिता सापकोटा सुनार | |
| २०८१।०९।२८ | दिउँसो १२:३० बजे | न्यायिक समितिको प्रतिवेदन प्रस्तुत | संयोजक श्री सुस्मिता सापकोटा सुनार | |
| २०८१।०९।२८ | दिउँसो १२:३५ बजे | सुशासन तथा स्थानीय सेवा समितिको प्रतिवेदन प्रस्तुत | संयोजक श्री सविन हमाल | |
| २०८१।०९।२८ | दिउँसो १२:४० बजे | अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन प्रस्तुत | संयोजक श्री सुरेन्द्र बुढा | |
| २०८१।०९।२८ | दिउँसो १२:४५ बजे | विधायन समितिको प्रतिवेदन प्रस्तुत | संयोजक श्री हेमेन्द्र कुमार बुढाथोकी | |
| २०८१।०९।२८ | दिउँसो १:०० बजे देखि १:३० बजे सम्म | खाजा समय | नगर प्रमुख श्री प्रकाश भण्डारी | |

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(ऐनको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

शारदा नगरपालिका

नगर सभाको १६ औँ अधिवेशन

**कार्यसूची र समय तालिका**

बैठक संख्याः १ सत्रः २ बैठक स्थानः शारदा नगरपालिकाको सभाहल

नगर प्रमुखताः नगर प्रमुख श्री प्रकाश भण्डारी

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०९।२८ | दिउँसो १:३० बजे | सबै सभा सदस्य हलमा प्रवेश गर्ने | | |
| २०८१।०९।२८ | दिउँसो १:३५ बजे | अध्यक्षता ग्रहण | प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो १:४० बजे | राजश्व परामर्श, न्यायिक, सुशासन तथा स्थानीय सेवा, अर्थ तथा सार्वजनिक लेखा र विधेयक समितिको प्रतिवेदनमा छलफलका लागि नाम टिपाउने | प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो १:५० बजे | राजश्व परामर्श, न्यायिक, सुशासन तथा स्थानीय सेवा, अर्थ तथा सार्वजनिक लेखा र विधेयक समितिको प्रतिवेदनमा छलफल | प्रमुख श्री प्रकाश भण्डारी | दफा ६७ |
| २०८१।०९।२८ | दिउँसो २:३५ बजे | संसोधित आर्थिक ऐन, २०८१, न्यायिक समितिको प्रतिवेदनमा छलफलका क्रममा प्राप्त जिज्ञासाको जवाफ | संयोजक सुस्मिता सापकोटा सुनार | |
| २०८१।०९।२८ | दिउँसो २:४० बजे | सुशासन तथा स्थानीय सेवा समितिको प्रतिवेदनमा छलफलका क्रममा प्राप्त जिज्ञासाको जवाफ | संयोजक श्री सविन हमाल | |
| २०८१।०९।२८ | दिउँसो २:४५ बजे | अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदनमा छलफलका क्रममा प्राप्त जिज्ञासाको जवाफ | संयोजक श्री सुरेन्द्र बुढा | |
| २०८१।०९।२८ | दिउँसो २:५० बजे | विधयेक समितिको प्रतिवेदनमा छलफलका क्रममा प्राप्त जिज्ञासाको जवाफ | संयोजक श्री हेमेन्द्र बहादुर बुढाथोकी | |
| २०८१।०९।२८ | दिउँसो ३:०० बजे | राजश्व परामर्श, न्यायिक, सुशासन तथा स्थानीय सेवा, अर्थ तथा सार्वजनिक लेखा र विधेयक समितिको प्रतिवेदन पारितका लागि प्रस्ताव प्रस्तुत | प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ३:१० बजे | संघ तथा प्रदेश सरकारसंग माग गर्नु पर्ने सार्वजनिक महत्वका योजना तथा कार्यक्रम सम्बन्धी छलफलका लागि नाम टिपाउने | प्रमुख श्री प्रकाश भण्डारी | |

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २०८१।०९।२८ | दिउँसो ३:२० बजे | संघ तथा प्रदेश सरकारसंग माग गर्नु पर्ने सार्वजनिक महत्वका योजना तथा कार्यक्रम सम्बन्धी छलफल | प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ३:४५ बजे | संसोधन गर्ने योजना तथा कार्यक्रम सम्बन्धी छलफल | प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ३:५५ बजे | अन्य प्रस्ताव माथि छलफल र अनुमोदन | प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ४:०० बजे | वडा अध्यक्ष ज्यूहरुको सम्बोधन २ मिनेट मात्र | प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ४:३० बजे | उप प्रमुखज्यू श्री सुस्मिता सापकोटा सुनारको सम्बोधन | प्रमुख श्री प्रकाश भण्डारी | |
| २०८१।०९।२८ | दिउँसो ४:३५ बजे | संबोधन सहित सभा समापनको घोषणा | प्रमुख श्री प्रकाश भण्डारी | |



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(निर्णय नं ४ संग सम्बन्धित)

## आगामी आ. व.२०८०/०८१ देखि आ.व.२०८३/०८४ सम्मको आय व्यय विवरण

**आय तर्फ**

रकम रु हजारमा

| क.सं. | राजस्व शीर्षकहरु | राजस्व अनुमान तथा प्रक्षेपण | | | |
|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३।०८४ |
| | कूल आय | ६१०४४२.३६ | ३०७७३६.४५ | ६८२२३६.५० | ७५०४६०.१५ |
| १.१ | आन्तरिक श्रोत | ७६२७७.५४ | २५७१८.५८ | ८६२७७.५४ | ९४९०५.३ |
| १.२ | राजस्व बाँडफाँड बाट प्राप्त रकम | ७३४३२.९८ | ३९६२१.४२ | ८४४३२.९८ | ९२८७६.२७ |
| २ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ५५७९०३ | ५६८६८१ | ५७४९६५ | ६३२४६१.५ |
| २.१ | संघीय सरकार | ४०५०७२.३२ | १३८९१.३२ | ५०५०७२.३२ | ५५५५७९.५५ |
| २.२ | प्रदेश सरकार | ५५६५९.५ | ३४८३.२४ | ६५६५९.५ | ७२२५.४५ |
| **जम्मा** | | १७७९७८७.७ | ९५९१३२.०१ | १९९८६४३.८४ | २१९८५०८.२२ |

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

## व्यय तर्फको विवरण

रु .हजारमा

| क्र.स. | विषयक्षेत्र | आ.व. २०८०/८१ को व्यय अनुमान | | | आ.व .२०८१/८२ को व्यय अनुमान | | | आ.व .२०८२/८३ को व्यय अनुमान | | | आ.व. २०८३/८४ को व्यय अनुमान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा |
| १ | आर्थिक विकास | १०२२९.२६ | ६४९५.३६ | १६७२४.६२ | १००० | १४५० | २४५०० | ११०० | १५९५ | २६९५ | १२१० | १७५४.५ | २९६४.५ |
| २ | सामाजिक विकास | २६५५१७.०९ | २२१०२.०८ | २८७६१९.१७ | ०.० | ४६३५ | ४६३५ | १००० | ५०९८.५ | ६०९८.५ | ११०० | ५६०८.३५ | ६७०८.३५ |
| ३ | पूर्वाधार विकास | ८२७.७७ | १२९३९०.१९ | १३०२१७.९६ | १००० | ३३९४० | ३४९४० | ११०० | ३७३३४ | ३८३३४ | १२१० | ४१०६७.४ | ४२२७७.४ |
| ४ | वन, वातावरण तथा विपद व्यबस्थापन | १०८२४.९९ | ० | १०८२४.९९ | १००० | ६०० | १६०० | ११०० | ६६० | १७६० | १२१० | ७२६ | १९३६ |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९२३३.३१ | ० | १९२३३.३१ | १००० | ४६३५ | ५६३५ | ११०० | ५०९८.५ | ६१९८.५ | १२१० | ५६०८.३५ | ६८१८.३५ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १३६५५०.४ | २९१४२.३५ | १६५६९२.७५ | २१९०१२.३७ | ४५९६५ | २६४९७७.३७ | २४०९१४.६ | ५०५६१.५ | २९१४७६.१ | २६५००६.०६ | ५५६१७.६५ | ३२०६२३.७१ |
| जम्मा | | **४४३१८२.८२** | **१८७१२९.९८** | **६३०३१२.८** | **२२३०१२.३७** | **९१२२५** | **३३६२८७.३७** | **२४५२१४.६** | **१००३४७.५** | **३४६५६२.१** | **२७०९४६.०६** | **११०३८२.२५** | **३८१३२८.३१** |
| ७ | वडागत विनियोजन | २९९२५ | १०११० | ३७५०० | ४७६१० | १३६५० | ३००० | १६६५० | ३३०० | १८३०६ | १८३१५ | ३६३० | २१९४५ |
| | **कुल जम्मा** | **७४१९७३.१९** | **४५३२९२.८२** | **२२४६२९.९८** | **६७७८२२.८** | **२३६६६२.३७** | **९४२२५** | **३५२८३७.३७** | **२४८५१४.६** | **११८६५३.५** | **३८८१२१.१** | **२७३३६६.०६** | **६६१४८७१६** |

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(निर्णय नं ५ संग सम्बन्धित)
शारदा नगरपालिका
खलंगा, सल्यान
नगर सभाको १६ औं अधिवेशन
मितिः २०८१/०९/२८

**राजश्व परामर्श समितिको आ. व. २०८१/८२ को अर्धवार्षिक प्रतिवेदन**

**१. पृष्ठभूमिः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिमको कार्यहरु गर्ने गरी राजश्व परामर्श समितिको गठन गरिएको हुन्छ। यस शारदानगरपालिकाको आयको अनुमान तथा राजश्वको दायरा फराकिलो पारी नगरपालिकाको कुल आम्दानी बढाउने उद्देश्यका साथ नगर सभाबाट राजश्व परामर्श समितिको गठन गरिएको हुन्छ । पालिकाको आयलाई अनुमान गरी योजना तर्जुमा तथा खर्चको योजना तयार गर्न सहज हुने हेतु राजश्व परामर्श समितिको गठन भएको हुन्छ ।

**२. समितिको कार्यक्षेत्रः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु यस समितिको कार्यक्षेत्र हुन ।

**३. समिति गठनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु गर्ने गरी राजश्व परामर्श समितिको गठन गरिएको हुन्छ । नगर उप प्रमुखको संयोजकत्वमा तपसिल वमोजिमका सदस्यहरु रहने गरी गठन गरिएको छ ।

| | |
|---|---|
| १. नगर उप प्रमुख श्री सुस्मिता सापकोटा सुनार | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश देवकोटा | सदस्य |
| ३. कार्यपालिका सदस्य श्री प्राण कुमार राई | सदस्य |
| ४. कार्यपालिका सदस्य श्री रत्ना थापा | सदस्य |
| ५. अध्यक्ष, सल्यान उद्योग वाणिज्य संघ श्री विरेन्द्र प्रसाद श्रेष्ठ | सदस्य |
| ६. अध्यक्ष, घरेलु उद्योग महासंघ सल्यान श्री प्रेम बहादुर डाँगी ९८५७८४७५५५ | सदस्य |
| ७. राजश्व शाखा प्रमुख श्री हरिभक्त भण्डारी | सदस्य सचिव |

**४. समितिले हालसम्म प्राप्त गरेका उपलब्धीहरु**

१. आर्थिक वर्ष ०८२/८३ का लागि आन्तरिक आयको अनुमान गर्ने कार्य गरेको ।

२. त्यसै गरी आगामी २ आर्थिक वर्षको लागि आयको अनुमान गर्ने कार्य गरेको ।

३. चालु आ.व. ०८१/८२ को आय अनुमान संशोधन गर्ने कार्य गरेको ।

४. करको दररेट हेरफेर गर्ने कार्य गरेको ।

**५. कार्य सम्पन्न गर्दा आइपरेका समस्या/चुनौती**

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

१. आन्तरिक आम्दानीका श्रोतहरुबाट हुने आम्दानी अनुमान गर्न कठिन रहेका कारण अनुमान यथार्थ परक बन्न नसकेको ।

२. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाडफाँडबाट प्राप्त हुने रकम समेत प्रक्षेपण गरे बमोजिमको रकम प्राप्त हुन नसक्दा अनुमान र वास्तविकता बीच तालमेल नदेखिएको ।

**६. आर्थिक ऐन, २०८१ मा गर्नु पर्ने संसोधन प्रस्तावः**

**अनुसूची ९**
**(ऐनको दफा ५ संग सम्बन्धित(**
**बहाल विटौरी कर**

| **सि नं** | **भएको व्यवस्था** | | **हुनु पर्ने व्यवस्था** | | **संसोधन गर्नुका कारण** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | शीर्षक | **दर** | **शीर्षक** | **दर** | | |
| सि नं ४६ सम्म व्यवस्था नभएको तपसिल अनुसार थप गर्नु पर्ने | | | | | | |
| १ | ऐलानी जग्गामा बनेको घरको ५ कोठा सम्मको रकम | ३००। | व्यवस्था नभएको | ३००। | थप गर्नु पर्ने | |
| २ | ५ कोठा देखि १० कोठा सम्म | ६००। | व्यवस्था नभएको | ५००। | थप गर्नु पर्ने | |
| ३ | १० कोठा देखि १५ कोठा सम्म | ९००। | व्यवस्था नभएको | ९००। | थप गर्नु पर्ने | |
| ४ | १५ कोठा भन्दा माथि | १२००। | व्यवस्था नभएको | १२००। | थप गर्नु पर्ने | |
| ५ | कच्ची घरको | २५०। | व्यवस्था नभएको | २५०। | थप गर्नु पर्ने | |
| ६ | सुठो | ००।७५ | व्यवस्था भएको | १।५० | दरमा थप गरिएको | |
| ७ | अदुवा | ००।३० | व्यवस्था भएको | ००।५०० | दरमा थप गरिएको | |
| ८ | मदिरा सिसि बोतोल | ००।५० | व्यवस्था भएको | ००।५० | थप गर्नुपर्ने | |
| ९ | फलाम वा फला जन्ने पदार्थ तामा पित्तल आल्मोनियम र स्टिल | प्रति के १ .जी . | व्यवस्था नभएको | १ | थप गर्नुपर्ने | |
| १० | पलास्टिक जन्य पदार्थ | ००।५० | व्यवस्था नभएको | ००।५० | थप गर्नुपर्ने | |
| ११ | कागज जन्य पदार्थ | ००।५० | व्यवस्था नभएको | ००।५० | थप गर्नुपर्ने | |

**७.निष्कर्ष**

राजश्व परामर्श समितिले गर्ने आन्तरिक आयको अनुमान अध्ययन अनुसन्धान गरी यथार्थपरक बनाउन सकेमा नगरपालिकाले तयार गर्ने वार्षिक योजना तथा कार्यक्रमहरु समेत सञ्चालन गर्ने यसले सहयोग गर्ने देखिन्छ ।

प्रतिवेदकः

सुस्मिता सापकोटा सुनार

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

संयोजक- राजश्व परामर्श समिति

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४

(निर्णय नं ६ संग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा, सल्यान

नगर सभाको १६ औं अधिवेशन (मितिः २०८०/०९/२८)

**न्यायिक समितिको आ.व.२०८१/८२ अर्धवार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लगायत सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत नगरसभा सदस्य ज्यूहरु, शारदा नगपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८०/०९/२८ गतेका दिन सुरु हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १६ औं अधिवेशनमा न्याय कानुन तथा मानव अधिकार प्रर्वद्वन शाखा न्यायिक समितिको २०८१/८२ को अर्धबार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**समितिको कार्यक्षेत्रः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिम रहेको छ ।

**समिति पदाधिकारीहरुको नामावली निम्न वमोजिम छ ।**

१. श्री सुस्मिता सापकोटा - संयोजक
२. श्री लिला बहादुर रोका - सदस्य
३. श्री पुष्पा नेपाली - सदस्य
४. श्री दिलमाया राना क्षेत्री -उजूरी प्रशासक

न्यायिक समितिलेको कामकारबाहि सम्पादन गर्नको निम्ति निर्माण भएका कानूनहरुः

१. न्यायिक समिति कार्यसम्पादन ऐन, २०८०
२. न्यायिक समितिको न्याय सम्पादन निर्देशिका,२०८१
३. मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि,२०८१

**सम्पादित कार्यहरुः**

न्यायिक समितिले आ.व. २०८१।०८२ को प्रथम अर्धवार्षिक (२०८१ साउन देखि २०८१ पौष मसान्त सम्म) उजुरी व्यवस्थापन तर्फ गरेका कार्यहरुः

| गत बर्षको जिम्मेवारी सरी आएका निवेदन | आर्थिक वर्ष २०८०/८१ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| ७ | ९ | १० | १ | ० | ४ | १ |

**कार्यसम्पादनको क्रममा न्यायिक समितिका सवल पक्षः**

१. स्थानीय स्तरमै दुई पक्षबीचको छलफलबाट विवाद समाधान हुने भएकोले पक्ष र विपक्षको लागत समय र रकम बचत भएको ,
२. विबाद समाधान पश्चात दुई पक्षबीच मनमुटाव र वैरभावको विचार हटि आपसि सुसम्बन्ध कायम गर्न तर्फ प्रेरित भएको.

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**कार्य सम्पादन गर्दा देखिएका समस्या /चुनौतीः-**

१. तोकिएको मिति र समयमा पक्ष बिपक्ष उपस्थित नभैदिनु ।
२. पक्षले निवेदन दिँदा न्यायिक समितिबाट निरुपण गर्न सकिने र मिलापत्र गराउन सकिने स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ८ दफा ४७ (१) र ४७ (२) भन्दा बाहिरको मुद्दा आउनाले सेवाग्राहीलाई सम्झाई बुझाई गर्न गाह्रो भएको ।
३. पक्षले निवेदन दिँदा विपक्षको सम्पर्क नं. र सहि ठेगाना उल्लेख नगर्दा चिठ्ठी बुझाउन गाह्रो भएको ।
४. पारीवारिक बेमेल तथा असन्तुष्टि सम्बन्धि उजुरीको सम्झाई बुझाई गर्न गाह्रो भएको।
५. प्राय विबाद माना चामल तथा खाना खर्च संग सम्बनधि आउने भएका कारण माना चामल के-कति बारे बिवाद समाधानमा कानूनी अल्झन भएको।

**विवाद समाधान गर्दा अवलम्न गरिएका उपायहरुः-**

१. विवाद तथा उजुरी व्यवस्थापनमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-८ मा भएको न्यायीक कार्य सम्बन्धि व्यवस्थाको अवलम्बन गरीएको
२. आलीसाँधी विवादमा सम्वन्धित ठाउँमै गएर छलफल गराएको ।
३. न्यायिक समितिबाट निरुपण र मिलापत्र गराउन नमिल्ने मुद्दाको बिषयमा सेवाग्राहीलाई सम्झाई बुझाई अन्यत्र ठाउँबाट कानूनी उपचार गर्न सल्लाह दिएको।
४. पक्षलाई निवेदन गर्दा बिपक्षको नाम ठेगाना समर्पक नं. र बिषय बस्तु प्रष्ट शब्दमा लेखि ल्याउन सल्लाह दिएको ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

१. न्यायिक समिति सचिवालयमा दर्ता हुन आउने उजुरी व्यवस्थापनलाई सफ्टवेयर पद्धतिमा लैजानुपर्ने,
२. नगरपालिकामा छुट्टै न्यायीक ईजलासको व्यवस्था गरिनुपर्ने,
३. प्रत्येक वडामा मेलमिलाप कर्ताहरु सुचीकृत गरी वडा स्तरमै विवादको समाधान तर्फ ध्यान दिनुपर्ने,
४. कानूनी सल्लाह तथा परामर्श सम्बन्धि कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिभुखिकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
५. मेलमिलाप केन्द्रको व्ययस्था गरिनुपर्ने
६. कानून विज्ञ तथा ज्ञातालाई परामर्शदाताको रुपमा नगरपालिकामा व्यवस्थापन गर्नुपर्ने।

**निष्कर्षः-**

आदरणीय नगर सभा अध्यक्ष ज्यू तथा नगर सभा सदस्य ज्यूहरु,

माथि उल्लेखित बिभिन्न अल्झनका बावजुद पनि यस शारदा नगरपालिका अन्तर्गतको न्यायिक समितिले निरन्तर न्याय सम्पादन गरिरहेको छ । यस प्रक्रियालाई चुस्त दुरुस्त बनाउनाका निमित्त सफ्टवेयर प्रणाली संचालनमा ल्याउनुका साथै वडास्तरिय मेलमिलाप कर्ता र न्याय सेवासंग सम्बन्धित कर्मचारी समेतको व्यवस्थापन गरी आवश्यक क्षमता अभिबृद्धि तालिम संचालन गरि/गराई कार्यसम्पादन गराएमा प्रभावकारी हुने थियो की भन्ने आशय राख्न चाहान्छु ।

**धन्यवाद ॥**

**प्रतिवेदकः**
सुस्मिता सापकोटा
संयोजक- न्यायिक समिति

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-५

(निर्णय नं ७ संग सम्बन्धित)

शारदानगरपालिका

खलंगा, सल्यान

नगर सभाको १६ औं अधिवेशन

मितिः २०८१/०९/२८

सुशासन तथा स्थानीय सेवा समिति आ.व.२०८१/८२ अर्धवार्षिक प्रतिवेदन

**पृष्ठभूमिः** कार्यपालिकालाई सभामार्फत जनताप्रति उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारवाहीको निरन्तर निगरानी गर्न कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम नगरसभाले नगरपालिकामा उपस्थित दलिय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा नगरपालिकाको लागि बढीमा संयोजक सहित पाँच सदस्यीय सुशासन तथा स्थानीय सेवा समिति गठन गरेको छ।

**समितिको कार्यक्षेत्रः** कर्मचारी प्रशासन, प्रदान गरिने सेवाको स्तर, सेवाको सञ्चालन, सार्वजनिक सेवा प्रवाह र आयोजना सञ्चालन जस्ता विषयहरु समितिको कार्यक्षेत्र भित्र पर्दछ।

समितिका पदाधिकारीहरुको नामावलीः

१. वार्ड नं. २ का अध्यक्ष श्री सविन हमाल -संयोजक
२. वार्ड नं. ३ का सदस्य श्री मधुदास श्रेष्ठ -सदस्य
३. वार्ड नं. १५ का सदस्य श्री ढकलाल रावत -सदस्य
४. वार्ड नं. १४ का सदस्य श्री चन्द्रावती बढाथोकी -सदस्य
५. वार्ड नं. १२ का सदस्य श्री बालाराम वली -सदस्य

शारदानगरपालिका नगर कार्यपालिकाको सुशासन तथा स्थानीय सेवा समितिका संयोजक तथा वडा नं० २ का वडा अध्यक्ष श्री सविन हमाल ज्यूको अध्यक्षता मिति २०८१/०९/२१ गतेका दिन बसेको समितिको बैठकका निर्णय अनुसार विभिन्न प्रस्तावहरुमा छलफल गरी निम्नलिखित निर्णयहरु गरी निर्णय कार्यान्वयन गरिएको छ।

१. शारदानगरपालिकाको आयोजनामा नगरपालिका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण शाखाका शाखा प्रमुख, सबै वडाका वडा सचिव लगायत सबै सरोकारवाला विच आ-आफ्नो क्षेत्रबाट विभिन्न क्षेत्रमा गरिने दैनिक सेवा प्रवाहका कार्यहरुलाई कानून बमोजिम अनुशासित मर्यादित तरीकाले सेवाग्राहीहरुलाई सहज हुने गरी छिटोछरितो पार्दर्शिताका साथ सबैले जिम्मेवारी बोध गरी प्रभावकारी कर्तव्यपालन गर्न गराउनका लागि माघ महिनाको अन्तिम सम्ममा अन्तरक्रिया कार्यक्रम संचालनमा ल्याउने निर्णय भएको छ।

२. यस नगरपालिका अन्तर्गत संचालनमा रहेका सम्पूर्ण पेशा व्यवसाय हरुलाई दर्ता तथा नविकरण गराउनको लागि सूचना जारी गर्ने र दर्ता नविकरण नगर्ने पेशा व्यवसायहरुलाई कारवाही गर्ने निर्णय भए बमोजिम केही पेशा व्यवसायहरुले दर्ता नविकरण गरेको पाईएको छ।

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

३. नगरपालिकामा कार्यरत शाखा प्रमुख लगायत अन्य कर्मचारीहरुलाई आफु कार्यरत क्षेत्रमा दक्ष्यताका साथ कार्यसम्पादन गर्न र ऐन कानूनका विषयमा समेत जानकारी लिन कर्मचारीहरुको क्षमता विकास तालिम संचालन गर्ने भनि निर्णय भएको भएको थियो।

४. यस नगरपालिका अन्ततर्गत कर्मचारी संघ, संस्था, उपभोक्ता समिति र व्यवसायीहरुका नाममा लेखिई आएका वेरुजु फर्छ्यौट गर्न र उपरान्त त्यस्ता खालका बेरुजुलाई नियन्त्रण गर्न सम्बन्धित सबैले महत्वपूर्ण सहयोग गर्ने भनी निर्णय भएको थियो।

५. नगरपालिकाबाट दिईने भुक्तानि लगाएतका सेवाका सन्दर्भमा छीटो छरितो गराउनको लागि टोकन प्रणाली लागु गराउने निर्णय भएको छ।

६. सामाजिक सुरक्षा लगायतका सेवा प्रवाहमा व्यापक सुधार गरी सामाजिक सुरक्षा लगायतका सेवामा बैंकिङ्ग तथा घुम्ति सिविर संचालन गरी सेवाप्रवाह गर्ने निर्णय भएको र उक्त निर्णय प्रयोगमा आएको छ।

७. नगरपालिकाबाट प्रभाव गरीने सम्पूर्ण सूचनाहरुलाई सही समयमा सजकतापूर्वक प्रवाह गर्ने निर्णय भएको छ।

८. नगरपालिका अन्तरगत पालिकाका नाउँमा रहेका सामाजहरुको जिन्सी प्रतिवेदनका आधारमा बेसावुत तथा लिलामि गर्नुपर्ने सर-सामाजहरुको लिलाम विक्रि प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय भएको।

**संयोजकः**
सविन हमाल
सुशासन तथा स्थानीय सेवा समिति



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-६
(निर्णय नं ८ संग सम्बन्धित)
शारदानगरपालिका
खलंगा, सल्यान
नगर सभाको १४ औं अधिवेशन
मितिः २०८१/०९/२८
अर्थ तथा सार्वजनिक लेखा समितिको आ. व. २०८१/८२ को अर्धवार्षिक प्रतिवेदन

**पृष्ठभूमिः**

नगरपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तरियता र नियमितताको चेकजाँच गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यो समिति गठन भएको हो।

**समितिको कार्यक्षेत्र**

नगरपालिकाको सार्वजनिक लेखासंग सम्बन्धित प्रचलित ऐन कानुनहरुको परिपालनाको अवस्थाको चेकजाँच गरी स्थानीय सरकारबाट प्रवाहहुने सेवाहरुलाई प्रभावकारी बनाउन आवश्यक अनुगमन, निर्देशन तथा सल्लाह सुझावहरु दिनु समितिको प्रमुख कार्य हो।

(१) राजश्व र करका दरहरु बमोजिम कर संकलनको अवस्था अनुगमन गर्ने,
(२) विभिन्न योजना कार्यान्वयनको अवस्थामा खरिद लगायतका विषयमा हुने र हुनसक्ने अनियमितता र बेरुजुका बारेमा अनुगमन तथा पृष्ठपोषण गर्ने,
(३) लेखा राख्दा ऐन नियमको परिपालना गरे नगरेको चेकजाँच गर्ने,
(४) कार्यालयले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरु नियमसंगत रहे नरहेको ऐकिन गरी आवश्यक सल्लाह सुझाब दिने,
(५) महालेखा परीक्षक र आन्तरिक लेखा परीक्षणबाट प्राप्त प्रतिवेदनमा छलफल गर्ने र बेरुजुको घटाउने उपायहरु अवलम्बन गर्ने,
(६) सभाले तोकेका अन्य थप कार्यहरु गर्ने।

**समिति गठन**

कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम नगरसभाले नगरपालिकामा उपस्थित दलिय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा नगरपालिकाको लागि बढीमा संयोजक सहित तिन सदस्यीय अर्थ तथा सार्वजनिक लेखा समिति गठन गर्नेछ। समितिको संयोजक र सदस्यहरुको चयन नगर सभाको निर्वाचनबाट गर्नेछ। समितिका सदस्यहरुको नामावली देहाय अनुसार रहेको छः

१. वार्ड नं. १२ का अध्यक्ष श्री सुरेन्द्र बुढा -संयोजक
२. वार्ड नं. ५ का सदस्य श्री कुल बहादुर रेउले -सदस्य

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

३. वार्ड नं. ४ का सदस्य श्री सुकलाल रोका -सदस्य
४. वार्ड नं. ९ का सदस्य श्री बेलधर बुढा -सदस्य
५. वार्ड नं. ११ का सदस्य श्री चोक कुमारी कवर -सदस्य

**हाल सम्म गरेका कार्यहरु**

यस समितिले आर्थिक वर्ष ०८०/८१ को हाल सम्म सम्पादन गरेका कार्यहरु देहाय बमोजिम रहेका छन ।

१. यस शारदानगरपालिकाको आ.व. ०७३/७४ देखि आ.व. ०७८/७९ हाल सम्म औल्याएका बेरुजुहरु फच्छयौटका लागि छलफल निरन्तर रुपमा गर्दै आइरहेको ।

२. यस नगरपालिकाको नगरसभाको १५औं अधिवेशनबाट नियमित गरिएका बेरुजुहरु फच्छयौटका लागि मिति २०८१/०९/१९ गते समितिको बैठक बसी NAMS मा प्रविष्टी गर्ने निर्णय गरिएको ।

३. कार्यालयबाट सञ्चालन भएका विभिन्न कार्यक्रम तथा योजनाहरुको अनुगमन गर्ने गरिएको ।

४. आ.व. ०८०/८१ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा मिति २०८१/०९/१९ गतेका दिन यस समितिको बैठक बसी लेखा परीक्षणबाट औल्याएका बेरुजु सम्बन्धमा बेरुजु फच्छयौटका लागि सम्बन्धित व्यक्ति संस्था फर्म तथा शाखाहरुलाई पत्राचार गर्ने निर्णय गरिएको ।

५. आ.व.०८०/८१ को बेरुजु फच्छयौटको लागी NAMS मा प्रबिष्ट गरेर महालेखा परीक्षकको कार्यालयमा पेश गरेकोमा सबै बेरुजु प्रतिक्रियाबाट फच्छयौट नभएको हुँदा नगरसभाबाट नियमित गर्नका लागि पेश गर्न कार्यपालिका समक्ष पेश गर्ने निणर्य गरियो साथै बेरुजु फच्यौटका लागि आवश्यक कागजातहरुको तयारी गर्ने कार्य गरियो ।

**कार्य सम्पादन गर्दा आइपरेका समस्या/चुनौतीहरु**

-आवश्यक कागजात तथा प्रमाणहरुको संकलन गर्दा समयमै कागजातहरु प्राप्त नहुने

-बेरुजु फच्छयौटका लागी महालेखा परिक्षकको कार्यालयमा आवश्यक कागजातहरु सहित पत्राचार गरेको आवश्यक समन्वय नगरेको

-फच्छयौट गर्नु पर्ने बेरुजु समेत मलेप बाट फच्छयौट समयमै नगरिएको

नयाँ प्रणालीमा रहेको त्रुटीका कारण समेत बेरुजु फच्छयौटका लागि केही दफाको बेरुजुको विवरण प्रबिष्ट गर्न नसकिएको

-प्रमाण पेश गर्न पत्राचार गरेको निकै कम व्यक्ती निकाय फर्म वा संस्थाबाट मात्र प्रतिक्रिया प्राप्त भएको

-अनुगमन कार्य प्रभावकारी ढंगले अगाडी बढाउन नसकिएको

**निष्कर्ष**

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

अथ तथा सार्वजनिक लेखा समितिले आफ्ना कार्यहरु संचालन गर्दा केही समस्या/चुनौतीहरु देखिएता पनि समस्याहरुलाई समाधान गरी समितिले गर्नु पर्ने कार्यहरु पुर्णरुपमा गर्न सकेमा यसले शारदा नगरपालिकाले प्रवाह गर्ने सेवा तथा विकास निर्माण सम्बन्धि कार्यहरुलाई प्रभावकारी र गुणस्तरीय बनाउन सहयोग गर्ने देखिन्छ।

प्रतिवेदक
सुरेन्द्र बुढा
संयोजक- अर्थ तथा सार्वजनिक लेखा समिति

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

अनुसूची-७

(निर्णय नं ९ संग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा, सल्यान

नगरसभाको १६ औं अधिवेशन  मिति २०८१।०९।२८

विद्यायन समितिको आ.व. २०८१ ।०८२ को अर्धवार्षिक प्रतिवेदन

आदरणीय नगरसभा अध्यक्ष ज्यू,
एवं सम्पूर्ण सभा सदस्य ज्यूहरु।

प्रस्तुत विषयमा यस शारदा नगरपालिकाका अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरुलाई स्थानीय सरकार संचालन ऐन,२०७४ को मर्म अनुरुप, मर्यादित, सरल, सर्वुलभ एवम् कानूनी प्रावधान अनुरुप संचालन गर्ने हेतुले यस नगरपालिकाको प्रत्येक कार्यपालिका बैटकबाट कानून निर्माण गर्ने, परिमार्जन गर्ने तथा बनाईएका कानूनको संसोधन गर्ने, कानून कार्यान्वयनको अवस्था समीक्षा गर्ने र दुरगामी असरबारे छलफल गर्ने गरिएको छ। आर्थिक वर्ष २०८१।०८२ को प्रथम अर्धबार्षिक अवधिमा **नियमावली १ वटा, विनियमावली १ वटा, निर्देशिका १ वटा, कार्यविधि १० वटा र मापदण्ड १ वटा** स्वीकृत गरेकोले सो अनुमोदनका लागि पनि सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

**समितिको कार्यक्षेत्र**

१. सभामा प्रस्तुत भई विधायन समितिमा पेश हुन आएका विधेयकहरुमा छलफल गर्ने ।
२. कार्यपालिकाले स्वीकृत गरेका कानूनहरुको अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्ने ।
३. जनप्रतिनिधि तथा कर्मचारीका लागि कानूनी साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने ।

**समितिका पदाधिकारीहरुको नामावलीः**

| | | |
|---|---|---|
| १. | वार्ड नं. ९ का अध्यक्ष श्री हेमेन्द्र कुमार बुढाथोकी | -संयोजक |
| २. | वार्ड नं. २ का सदस्य श्री रमा शर्मा | -सदस्य |
| ३. | वार्ड नं. १५ का सदस्य श्री मोहन भण्डारी | -सदस्य |
| ४. | वार्ड नं. ४ का सदस्य श्री सुरेश रावत | -सदस्य |
| ५. | वार्ड नं. १० का सदस्य श्री ज्ञानेन्द्र कुमार कवर | -सदस्य |

२०८१ साउन देखि पौष मसान्त सम्म कार्यपालिकाबाट अनुमोदित  कानूनहरुः

**स्वीकृत कानूनहरुको विवरणः**

१. शारदा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०८१
२. त्रिभुवन जन माध्यमिक विद्यालय सञ्चालन एवं व्यवस्थापन विनियमावली, २०८१
३. शारदा नगरपालिका अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि,२०८१
४. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०८१
५. उपप्रमुख कोशेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
६. कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८१
७. आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८१
८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

९. विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०८१
१०. व्यक्तिगत सरसफाई तथा हात स्वच्छता सम्बन्धी कार्यविधि, २०८१
११. खुल्ला दिसामुक्त अवस्थाको दिगोपना सम्बन्धी कार्यविधि, २०८१
१२. विद्यालय खानेपानी तथा सरसफाई सम्बन्धी कार्यविधि, २०८१
१३. शारदा नगरपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८१
१४. शारदा नगरपालिका विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने मापदण्ड, २०८१

**कार्यपालिकाबाट स्वीकृत हुन बाँकी कानूनहरुः**

१. शारदा नगरपालिका सामाजिक समावेशीकरण नीति, २०८१
२. बसपार्क व्यवस्थापन कार्यविधि, २०८१
३. शारदा नगरपालिका यूवा नीति, २०८१
४. बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०८१
५. शारदा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१
६. बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम सञ्चालन कार्यविधि,२०८१
७. शारदा नगरपालिका पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१

यसरी नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु समय-समयमा निर्माण भई कार्यान्वयन भईरहेको अवस्था छ। कतिपय कानूनहरु निर्माणको क्रममा विविध समस्या तथा चुनौतीहरु देखा परेको देखिन्छ। कानून निर्माण तथा परिपालनामा देखा परेका वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरु सामना गर्दै नगरपालिकाबाट चुस्त दुरुस्त सेवा प्रदान गर्नु अपरिहार्य छ।

**कानून निर्माणको सबल पक्षः**

- समय समयमा नगरपालिकालाई आश्यक पर्ने कानूनहरु निर्माण भई कार्यान्वयन भएको,
- कामकार्बाहि तथा कार्यक्रमको संचालनको लागि प्रयाप्त मार्ग प्रसस्त भएको,
- सम्बन्धित कामकारबाही संगको कानूनी रिक्तता हटेको,
- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रति नागरिकको अपनत्व बृद्धि भएको

**कानून निर्माणको दुर्वल पक्षः**

- कानून निर्माणमा जनप्रतिनिधिहरु र सरोकारवाला पक्षहरुसंग प्रयाप्त छलफलको कमि हुन,
- कानूनी ज्ञान तथा सचेतनाको कमि,
- कानून निर्माणसंग सम्बन्धित समितिहरुको अन्तरक्रिया तथा बहस बारे कम ध्यान जानु,
- कानून विज्ञ तथा परामर्शदाताको अभाव

**सुधार गर्नुपर्ने पक्षहरुः**

- कानूनी सल्लाह तथा परामर्श सम्बन्धि कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिभुखीकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
- कानून निर्माणको लागि आवश्यक पर्ने स्रोतसाधनको सम्बन्धमा नगरसभाले ध्यान दिनुपर्ने

कार्यपालिका बैठक २०८१ पौष २६

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

- निर्माण भएका तथा स्वीकृत हुने कानून बारे व्यापक छलफल हुनुपर्ने,
- कानूनको परिपालना सम्बन्धमा समीक्षा हुनुपर्ने,
- कानून विज्ञ तथा ज्ञाताको परामर्स लिनुपर्ने ।

**समग्रमा**ः कानून निर्माणको क्रममा देखिने वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरुको सामना गर्दै नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु समयमै निर्माण तथा संसोधन गरि कानूनहरु परिपालन गर्नु गराउनु र नगरपालिकाबाट प्रदान हुने सेवालाई चुस्त दुरुस्त बनाउन अपरिहार्य छ ।

**प्रतिवेदकः**
**हेमेन्द्र कुमार बुढाथोकी**
**संयोजक-विद्यायन समिति**



ओम प्रकाश देवकोटा